# प्रत्यक्ष निर्वाचनमा महिला, युवा एवं सिमान्तकृत समुदायको प्रतिनिधित्व

## कर्णाली प्रदेशको एक अध्ययन





ऋति फाउण्डेसन

ओजस्वी पौडेल

info@hriti.org www.hriti.org +97783521564 /hritifoundation

**प्रकाशकः**

ऋति फाउण्डेसन, वीरेन्द्रनगर, सुर्खेत ।

फोनः ०८३५२१५६४, ९८५८०३४४२६

ईमेलः info@hriti.org

वेवसाइटः www.hriti.org

**© ऋति फाउण्डेशन**

यस प्रकाशनको सम्पुर्ण अधिकार ऋति फाउण्डेसनमा निहित छ। यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन ।

यसको पुनःप्रकाशन वा पुनःप्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा ऋति फाउण्डेसनमा सम्पर्क गर्न सकिनेछ यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङ्ग हालेर वितरण गर्न पाइने छैन। अन्यको हकमा पनि यही नियम लागु हुनेछ।

## कृतज्ञता ज्ञापन

'प्रत्यक्ष निर्वाचनमा महिला, युवा एवं सिमान्तकृत समुदायको प्रतिनिधित्वः कर्णाली प्रदेशको एक अध्ययन' नामक यस अनुसन्धान पत्र तयार पार्न सहयोग गर्नु हुने सम्पूर्ण व्यक्तिप्रति कृतज्ञ छु। अध्ययनका दौरान तथ्याङ्क संकलन र विश्लेषणमा आवश्यक सहयोग प्रदान गर्नुहुने ऋति फाउण्डेशनका सम्पुर्ण सहकर्मीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। अध्ययनको पृण्ठभूमी तयार गर्ने वाइपीजी फेलोसिप कार्यक्रम एवं पोखरा रिसर्च सेन्टर र अमेरिकी राजदुतावास नेपालप्रति आभारी छु।

ओजस्वी पौडेल

ऋति फाउन्डेसन

## विषय सूचि


| विषय | पृष्ठ नं |
|---|---|
| अध्याय १: परिचय | १ |
| १.१. पृष्ठभुमी | १ |
| १.२. स्थिति विश्लेषण | ३ |
| १.३. अध्ययनको उद्देश्य | ३ |
| १.४. अध्ययनको औचित्य | ३ |
| १.५. अध्ययन विधि | ४ |
| १.६. अध्ययनका सिमाहरु | ५ |
| अध्याय २: सन्दर्भ सामग्री अध्ययन | ६ |
| अध्याय ३: निर्वाचन र प्रतिनिधित्व | १२ |
| ३.१. संघीय संसदमा कर्णाली प्रदेशबाट उम्मेदवारी | १२ |
| ३.२. कर्णाली प्रदेश सभा सदस्यका लागी उम्मेदवारी | १७ |
| ३.३. कर्णाली प्रदेशका स्थानीय तहहरुमा प्रमुख तथा अध्यक्षको उम्मेदवारी | २२ |
| ३.४. कर्णाली प्रदेशका स्थानीय तहहरुमा उपप्रमुख तथा उपाध्यक्षको उम्मेदवारी | २६ |
| अध्याय ४: निष्कर्ष तथा सुझावहरु | ३१ |
| ४.१. निश्कर्ष | ३१ |
| ४.२. सुझावहरु | ३४ |
| सन्दर्भ सामग्री | ३६ |

# अध्याय १

# परिचय

## १.१. पृष्ठभूमी

नेपालले २०७२ मा नयाँ संविधानको घोषणा गरेसँगै मुलुक संघीय लोकतान्त्रिक व्यवस्थामा गयो र यो व्यवस्थामा समावेशिताको एजेण्डालाई थप मजवुत वनाइयो । संविधानको कार्यान्वयनसँगै घर व्यवहारमा सिमित महिलाहरु नेतृत्वदायी भुमिकामा देखिन थालेका छन्, राजनीतिमा युवा एवं महिलाहरूको आकर्षण बढ्दै गएको छ । सुशासन कायम गर्न र समृद्ध नेपाल निर्माणका लागि शासन प्रकृया देखि राजनीतिक भूमिकामा महिला युवा तथा पिछडिएका वर्गहरुको सक्रियता र अर्थ पूर्ण सहभागिता महत्वपुर्ण छ । राजनीति एवं शासन प्रणालीमा युवा सहभागिताले नयाँ सोच र उर्जालाई स्थापित गर्न मद्धत गर्दछ भने महिला सहभागिताले शासन व्यवस्था थप समावेशी र वलियो बनाउन मद्धत गर्दछ ।

पछिल्ला परिवर्तनहरुले नेपालमा महिलाहरुलाई विशेष अधिकारहरु प्रदान गरेका छन् । आर्थिक एवं सामाजिक सूचकहरुमा नेपाल कमजोर भए पनि विश्व मानचित्रमा दक्षिण एशियामा महिला नेतृत्व पाउने कुरामा नेपाल अघि नै छ । नेपालले दोश्रो राष्ट्रपतिको रुपमा महिलालाई पायो । नेपालले प्रधानन्यायाधिष र सभामुख पनि महिला पाइसकेको छ । अझ कर्णाली प्रदेशमा सभामुख र उपसभामुख दुबै पदमा महिलाहरु नै निर्वाचित हुनुभएको छ । प्रतिनिधि सभाका लागि वि.सं. २०४८, २०५१ र २०५६ मा भएका निर्वाचनमा महिला उम्मेदवारी ६ प्रतिशतमा सीमित थियो । समानुपातिक समावेशिताको सिद्धान्त कार्यान्वयन भए पश्चात संविधान सभाका दुई र प्रतिनिधि सभाका तथा प्रदेश सभाका दुई निर्वाचन सम्पन्न भएका छन् । संविधान सभा २०६४ र २०७० अनि प्रतिनिधिसभा २०७४ र २०७९ को निर्वाचनमा प्रत्यक्षतर्फ महिलाको उम्मेदवारी ११ प्रतिशत कट्न सकेको छैन । राजनीतिमा महिला तथा सिमान्तकृत समुदायको सहभागिता सुनिश्चित भयो भने त्यसले शासकिय व्यवस्थामा समावेशीपन ल्याँउछ नै, विभेदकारी कानुन समेत बन्न पाउँदैन र

न्यायपूर्ण समाज निर्माणमा मद्यत पुग्छ। राजनीतिक सहभागिताले नै देशको स्रोत, साधनको समान वितरणका लागि सही नियम कानुन बन्छ। त्यसमा सबै व्यक्तिहरुको सहभागिताले निष्पक्ष कानुन निर्माणका लागि सहयोग पुग्छ र लोकतन्त्रको सवलीकरण साथै दिगो विकासमा समेत सहयोग गर्छ। निर्वाचनमा युवा महिला एवं सिमान्तकृत समुदायको पहुँच र सहभागितालेयी समुदायको शशक्तिकरणको लागि मद्धत गर्छ साथै र निर्णय लिन सक्षम बनाउँछ।

नेपालमा अवलम्बन गरिएको निर्वाचन प्रणाली मिश्रित किसिमको (पहिलो हुने निर्वाचित हुने प्रणाली, समानुपातिक निर्वाचन प्रणाली र मनोनयन प्रणाली) छ। सदर मतमा जसको धेरै मत हुन्छ उसैले निर्वाचन जित्ने प्रक्रिया पहिलो हुने निर्वाचित हुने प्रणाली हो भने निश्चित निर्वाचन क्षेत्रबाट व्यक्तिले सिधै भोट पाउने भएकाले यसलाई प्रत्यक्ष निर्वाचन प्रणाली पनि भनिन्छ। प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दलहरुले पाएको कुल मतको आधारमा उम्मेदवार छानिन्छन। प्रतिनिधि सभामा समानुपातिक तर्फ खसेको कुल सदर मतको कम्तिमा ३ प्रतिशत मत प्राप्त गर्ने दलले मात्र समानुपातिक तर्फबाट प्रतिनिधि छान्न पाउँछन जसलाई थ्रेसहोल्डको रुपमा लिइन्छ। त्यस्तै प्रदेश सभाको प्रत्यक्ष तर्फ भने एउटा प्रदेशलाई एउटा निर्वाचन क्षेत्र मानेर त्यस प्रदेशका मतदाताले राजनीतिक दललाई मतदान गर्छन। राजनीतिक दलले समानुपातिक तर्फ प्राप्त गरेको मतको आधारमा तिनले आयोगमा बुझाएको उम्मेद्वारको बन्द सुचीबाट प्राथमिकताको क्रम संख्या अनुसार प्रतिनिधि छानिन्छन।

प्रदेश सभामा समानुपातिक तर्फबाट प्रतिनिधित्व गर्ने राजनीतिक दलले सो प्रदेश सभामा समानुपातिक तर्फ खसेको सदर मतको कम्तिमा १.५ प्रतिशत मत ल्याउनु पर्छ। संघियतामा गइसके पछि नेपालमा तीनै तहका सरकारमा दुई पटक निर्वाचन भइसकेको छ। नेपालमा हुने आम निर्वाचनमा कर्णाली प्रदेशमा समावेशिकरणको संवैधानिक व्यवस्थालाई व्यवहारत कत्तिको लागु गरिएको छ, युवा महिला तथा पिछडिएका वर्गहरुको निर्वाचनमा संलग्नता कति छ भन्ने जस्ता विषयको चित्रण गर्न यो अध्ययन गरिएको हो।

## १.२. स्थिति विश्लेषण

मुलुकको नीति निर्माण कार्यमा नागरिकको प्रतिनिधित्व हुनु अपरिहार्य छ। सबै वर्ग समुदायको संलग्नता रहे मात्र सर्वमान्य नीति निर्माण तथा कार्यान्वयन हुन सक्छ। नेपाल एकात्मक शासन प्रणालीबाट संघिय शासन प्रणालीमा रुपान्तरण भएपछि सबै तहका सरकारमा महिला तथा पिछडिएका वर्गहरुको नीति निर्माण प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने अवसर प्राप्त भएको छ। नेपालको अन्तरिम संविधानले हरेक क्षेत्रमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गरिसकेको भए पनि आजसम्म बनेका मन्त्रिपरिषदमा एकतिहाइ महिला सहभागिता भने भएको छैन। दलित एवं अन्य सिमान्तकृत समुदायको अवस्था पनि त्यस्तै छ। यस अध्ययनले कर्णालीमा रहेका युवा तथा राज्यको पहुँचबाट पछाडि परेका वर्ग/समुदायहरुको निर्वाचन मार्फत नीति निर्माणमा सहभागिताको वास्तविकता चित्रण गर्दछ। अन्य समयमा महिला युवा एवं सिमान्तकृत समुदायको महत्वलाई प्राथमिकताका साथ लिने तर नीति निर्माता वनाउने माध्यमको रुपमा रहेको निर्वाचनमा भने यी समुदायलाई प्राथमिकता दिइएको देखिँदैन्। अझँ नेपालमा प्रत्यक्ष निर्वाचन प्रणालीमा त महिला र युवा उम्मेदवारहरु अत्यन्त न्युन रहेका छन्।

## १.३. अध्ययनको उद्देश्य

- आम निर्वाचन मार्फत कर्णाली प्रदेशमा नीति निर्माणमा यूवा,महिला तथा पिछडिएका वर्गहरुको सहभागितालाई चित्रण गर्नु,
- नेपालले अवलम्बन गरेको समानताको नीति, सकारात्मक विभेदको नीतिको कार्यान्वयनको अवस्था विश्लेषण गर्नु।

## १.४. अध्ययनको औचित्य

वर्तमान समाजमा महिला तथा युवाहरुको राज्य संयन्त्रका सबै तहमा सहभागिताको सुनिश्चितताको लागी विभिन्न संगठन लगायत उनीहरु आफैले पनि वकालत गर्दै आएका छन्। फलस्वरूप पछिल्लो समय संविधान सभा निर्वाचनमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित र युवाहरुको संलग्नतामा बृद्धि भएको छ।

तर, अझै पनि महिला राजनीतिज्ञहरूलाई सुनुवाइ वा सम्मान पाउन गाह्रो छ । पितृसत्ताको परिणाम स्वरूप अझैं पनि राजनीतिक दलमा महिलालाई राजनीतिक पद नदिइएको अवस्था छ।

निर्वाचन प्रणालीमा समानुपातिक निर्वाचन प्रणाली लागु गरी समावेशि सहभागिता सुनिश्चित भएको भए पनि प्रत्यक्ष निर्वाचनमा भने यी समुह र समुदायका व्यक्तिहरुलाई नजरअन्दाज गर्ने गरिएको छ। यस अध्ययनमा राज्य सञ्चालनमा पिछडिएका वर्गहरुको सहभागिताको मुल्याङ्कन गर्ने प्रयास गरिएको छ। अध्ययनले युवा, महिला र सीमान्तकृत समुदायलाई नीति निर्माणमा संलग्न गराउनका लागि निश्चित कार्ययोजना विकास गर्नमा सरोकारवाला, नीति निर्माताहरूलाई मद्दत गर्नेछ। योजनाकारहरू, नीति निर्माताहरू, गैरसरकारी संस्थाहरू/आईएनजीओहरू र अन्य संस्थाहरूले राजनीतिमा युवा तथा महिलाहरुको अवस्था बुझ्न र उनीहरूको सहभागिताका आधार मा नीति र योजनाहरू तर्जुमा गर्न र कार्यान्वयन गर्न यो अध्ययन सहयोगी हुनेछ। सुशासनमा युवा र महिलाको सहभागिता बारे अध्ययन गर्न चाहनेहरूलाई थप अध्ययनको लागि उपलब्ध परिणाम निष्कर्ष र सुझावहरु उपयोगी हुनेछन् ।

### १.५. अध्ययन विधि

कर्णाली प्रदेशबाट संघिय संसद र कर्णाली प्रदेश सभा एवं कर्णाली प्रदेशका स्थानीय तहहरुमा समावेशिताको मर्मअनुसार उम्मेदवारी दर्ता भए नभएको विषय समेट्न यस अध्ययन गरिएको हो । त्यसैले प्रतिनिधिसभा तथा प्रदेश सभाको प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत महिला युवा र विभिन्न जातजातिको उम्मेदवारीमा अध्ययन केन्द्रित छ। यस अध्ययनमा द्वितिय श्रोतहरुको माध्यमबाट तथ्याङ्क संकलन गरी उक्त तथ्याङ्क विश्लेषण गरीएको छ।

तथ्याङ्कहरु लिँदा निर्वाचन आयोगको वेवसाइट, अन्य वेवसाइटहरुबाट साथै निर्वाचन सम्बन्धि विभिन्न पुस्तकमा उल्लेख गरिएका सुचाङ्क तथा तथ्याङ्कबाट साभार गरिएको छ। यस अध्ययनमा प्रदेश र स्थानीय तहमा भएका उम्मेदवारीलाई उमेर, जातजाती र लिङ्गको हिसाबमा तालिका बनाई उक्त तथ्यांक रेखा चित्र बनाई व्याख्या गरिएको छ।

## १.६. अध्ययनका सिमाहरु

- यस अध्ययनमा कर्णाली प्रदेशलाई प्रतिनिधित्व गर्ने गरि प्रतिनिधिसभा, प्रदेश सभा र स्थानीय तहमा उम्मेदवारी दर्ता गराएका साथै निर्वाचित जनप्रतिनिधिहरुको विवरण तथा तथ्याङ्क सहित विश्लेषण गरिएको छ ।
- यस अध्ययनमा द्वितिय तथ्याङ्कहरु मात्र प्रयोग भएका छन् ।
- यस अध्ययन निर्वाचन आयोगले आफ्नो आधिकारिक वेवसाइटमा प्रकाशन गरेका विवरण मात्र प्रयोग गरिएको छ ।
- अध्ययनमा विश्लेषणको क्रममा ४० वर्ष मुनिका उम्मेदवारलाई युवा उम्मेदवारको रुपमा राखिएको छ ।

# अध्याय २

## सन्दर्भसामग्री अध्ययन

### २.१. अन्तराष्ट्रिय अभ्यासहरु

अन्तराष्ट्रिय अभ्यासहरु हेर्ने हो भने महिला नेतृहरुले आफ्नो देशलाई उत्कृष्ट नेतृत्व प्रदान गरेका धेरै उदाहरण छन् । अर्जेन्टीनाकी इसाबेला पेरोल, भारतकी इन्दिरा गान्धी, बेलायतकी मारगरेट थ्याचर, इजरायलकी गोल्डा माएर, श्रीलंकाकी चन्द्रीका कुमारातुंगा, पाकिस्तानकी बेनजिर भुट्टो, भारतकी सोनिया गान्धी, अमेरीका की हिलारी क्लिन्टन, म्यानमारकी आङ्ग साङ्ग सुची जस्ता महिला नेतृतहरु विश्वमा चर्चित नामहरु हुन ।  श्रीलङ्कामा पाँच दशक अघि प्रधानमन्त्री चुनिएकी सिरिमभो बन्दरनाइकेलाई विश्वकै पहिलो महिला प्रधानमन्त्री मानिन्छ । उनकी छोरी चन्द्रीका कुमारातुङ्गा पनि सन् १९९० को दशकमा श्रीलङ्काको पहिलो महिला राष्ट्रपति बनिन् । श्रीलङ्का मात्र होइन, दक्षिण एसियाका भारत, पाकिस्तान र बांग्लादेशले पनि दशकौँ अघि नै महिला प्रधानमन्त्री चयन गरिसकेका छन् । सन् १९६० को दशकमा भारतको प्रधानमन्त्री बनेकी इन्दिरा गान्धीलाई त कतिपयले त्यस बेलाकी विश्वैकै शक्तिशाली नेता मध्ये एक भनेर समेत अर्थ्याउने गर्छन् । सन् १९८० को दशक अन्त्य तिर पाकिस्तानको प्रधानमन्त्री बनेकी बेनजीर भुट्टोलाई अधिकांश मुस्लिम जनसंख्या भएको देशकी पहिलो महिला प्रधानमन्त्रीका रूपमा चर्चा गरिन्छ ।

अनि, सन् १९९० को दशकमा वंगलादेशकी प्रधानमन्त्री बनेकी खालिदा जिया र उनकै प्रतिष्पर्धी वर्तमान प्रधानमन्त्री शेख हसिनाले गर्ने सत्ताका दाउँपेच बारे त अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूमा कैयौं विश्लेषणहरू भेटिन्छन् । देशको बागडोर हातमा लिन सक्ने मात्र होइन, त्यसलाई सशक्त रूपमा निभाएर विश्वभर नै चर्चा कमाउन सफल नेतृहरू भएका तिनै देशको संसदमा भने महिलाको उपस्थिति अत्यन्तै न्यून छ र हालसम्म देशको कार्यकारी प्रमुखको भूमिका महिलाले पाउन नसकिरहेका नेपाल र अफगानिस्तान जस्ता देशहरूले तिनलाई उछिनिरहेका छन् । संयुक्त

राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) ले २०१८ मा सार्वजनिक गरेको मानव विकास सूचकाङ्कको एउटा विवरणमा समावेश 'संसद्मा महिला प्रतिनिधित्व'को तथ्याङ्कले त्यसलाई पुष्टि गर्छ । उक्त प्रतिवेदनमा 'लैङ्गिक असमानता सूचकाङ्क'को एउटा मापनका रूपमा 'संसद् मा महिलाको प्रतिनिधित्व' लाई समावेश गरिएको छ । अघिल्लो वर्षको विवरणका आधारमा निकालिएकाले त्यस प्रतिवेदनमा नेपालको संसद्मा महिला प्रतिनिधित्व २९.६ प्रतिशत उल्लेख छ। प्रतिवेदन अनुसार अफगानिस्तानमा २७.४ प्रतिशत सांसद महिला छन्। त्यहाँ पनि महिलाका लागि आरक्षणको व्यवस्था गरिएको छ।

यसै गरी वंगलादेशमा २०.३, पाकिस्तानमा २०, भारतमा ११.६, भुटानमा ८.३ र माल्दिभ्समा ५.९ प्रतिशत सांसद महिला रहेको प्रतिवेदनमा उल्लेख छ ।आशियाना अधिकारीले आफ्नो पुस्तक 'सब्सट्यान्टिभ रिप्रिजेन्टेसन अफ विमिन इन एसियन पार्लियामेन्ट' मा महिलाहरू पुरुष समकक्षीको तुलनामा कम सार्वजनिक जीवनमा उपलब्ध हुने लेखेकी छन् । उनले राजनीतिका लागि समय निकाल्न महिलाहरूलाई सहज नभएको उल्लेख गरेकी छिन् ।

'इन्टर पार्लियामेन्ट्री यूनियन' को तथ्यांक भन्छ- रुवाण्डाको सदनमा ६१.०३ प्रतिशत महिला पुगेका छन् । क्यूवा र बोलिभियामा ५३ प्रतिशत बढी महिला सदनमा छन् ।'

न्युजिल्याण्डमा प्रधानमन्त्री जसिन्डा आर्डर्न पुनः निर्वाचित भएपछि न्यूजिल्याण्डको संसद विश्वको सबैभन्दा विविध मध्ये एक बन्यो, जसले धेरै महिलाहरूलाई मात्र होइन, विभिन्न रंगका मानिसहरू र अल्पसंख्यक समुदायका सदस्यहरूलाई प्रतिनिधित्व समेत गर्यो । सन् २०१८ लाई मेक्सिकोमा "महिलाको वर्ष" नाम दिइएको थियो र त्यस वर्षको चुनावमा ३,००० भन्दा बढी महिलाले भाग लिएपछि देशले संसदमा लैङ्गिक समानता हासिल गर्यो । त्यसयता उक्त देशमा ४८ प्रतिशतभन्दा बढी महिला सांसदहरू रहेका छन् । स्वीडेनले आफूलाई विश्वको पहिलो नारीवादी सरकारको रूपमा वर्णन गर्दछ र लैङ्गिक समानता देशको मूल्य मान्यता र समग्र निर्णय लिने आधार को रुपमा लिन्छ । स्वीडेनको संसदमा हाल ४६ प्रतिशत महिला छन् ।

क्यानडा जस्तो विकसित देशमा पनि सन् १९३० सम्म महिलाहरु निर्वाचनमा मतदान गर्न, कुनै सरकारी ओहदा धारण गर्न बाट बञ्चित हुनु परेको थियो। त्यहाँ बेलायतको प्रिभि काउन्सिलले एउटा मुद्दामा महिलाहरु पनि पुरुष सरह सिनेटमा नियुक्त हुन सक्छन् भनी निर्णय गरि सकेपछि मात्र त्यहाँका महिलाहरुले आफ्नो राजनैतिक अधिकारको प्रयोग गर्न पाएको देखिन्छ।

## २.२. **नेपालमा भएका अभ्यासहरु**

इतिहास हेर्ने हो भने नेपालमा महिलाले नेतृत्व देखी मुलुक एकीकरण सम्ममा महत्वपूर्ण भूमिका खेलेको देख्न सकिन्छ। उदाहरणका लागि प्रताप सिंह शाहकी पत्नी राजेद्रराज्य लक्ष्मी। उनले नेपाल एकीकरणको दोस्रो चरणलाई अघि बढाएकी थिइन्, त्यसैले उनलाई पृथ्वीनारायण शाहको एकीकरण अभियान अघि बढाउने कुशल प्रशासकका रुपमा हेरिन्छ। उनी नेपालको इतिहासमा नै सम्भवतः सबै भन्दा शक्तिशाली नारी र नेपालकी प्रथम वीराङ्गना पनि थिइन्। कमला कुँवर (बलभद्र कुँवरकी पत्नी) एङ्लो-नेपाल १८१४-१६ युद्धमा सहभागी भइन्। महिला अधिकारका लागि शासक वर्गसँग प्रत्यक्ष संलग्नता योगमाया न्यौपानेले धर्मको माग गर्दै विभेदकारी प्रचलन विरुद्ध आन्दोलनको आयोजना र नेतृत्व गरि महिलाहरूको सामाजिक र राजनीतिक सहभागिताको माग गरेबाट सुरु भयो। नेपाली महिलाहरु दमन र भेदभाव विरुद्ध लड्न थाले। महिला, दलित र सीमान्तकृत लगायत आवाजविहीनहरूका लागी योगमायाले आवाज उठाइन् जतिबेला देश राणा शासकहरूको अधीनमा थियो। शासनका अनेक रूप फेरिएसंगै नेपाली नारीहरुको चेतना शिक्षा र आर्थिक उन्नती भइरह्यो।

नेपालमा हेर्ने हो भने २०६३ को व्यवस्थापिका संसदमा १२ महिला सांसद थिए। २०६४ को संविधानसभा निर्वाचनमा ६०१ सदस्यमध्ये १९७ (३४ प्रतिशत) महिला निर्वाचित भए। २०७० मा यो संख्या १७६ जना (२९ प्रतिशत) मा झर्यो। यसका बाबजुद पनि यूएन वुमनको सन् २०१७ को प्रतिवेदन अनुसार व्यवस्थापिका संसदमा महिला प्रतिनिधित्व हुने दक्षिण एसियाली मुलुकमा नेपाल पहिलो स्थानमा रह्यो। २०७२ सालमा जारी भएको संघीय शासन व्यवस्थासहितको

संविधानले संघ र प्रदेशको संसद एवं स्थानीय तहको सभामा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ।

२०७४ को निर्वाचनपछि संघीय र प्रादेशिक संसदमा ३३ प्रतिशत महिला सहभागिता छ, स्थानीय तहमा ४१ प्रतिशत सहभागिता छ। स्थानीय तहको सन्दर्भमा प्रत्येक वडामा कम्तीमा दुई महिला सदस्य हुनुपर्ने संवैधानिक व्यवस्था र प्रमुख र उपप्रमुखमा एक महिला उम्मेदवार हुनुपर्ने कानुनी व्यवस्थाले महिला संख्या बढाएको छ। निर्वाचन सम्बन्धी कानूनले प्रदान गरेको समानुपातिक प्रतिनिधित्वमा राज्यले अवलम्बन गरेको सकारात्मक विभेदको नीतिबाट नीति निर्माण तथा नेतृत्व तहमा महिलाको उल्लेखनीय सहभागिता देखिएको छ।

दिगो विकास लक्ष्य ५.५.१ का सन्दर्भमा पनि नेपालले राम्रो प्रगति गरिरहेको देखिएको छ।संसद् का दुवै सदनमा हासिल भएको ३३.५३ प्रतिशत प्रतिनिधित्वका कारण सन् २०१९(२०७६ पौष सम्म) का लागि नेपालले लिएको ३३ प्रतिशतको लक्ष्य हासिल भएको देखिन्छ। यसो हुँदा हुँदै पनि संविधानमा बाध्यात्मक व्यवस्था गरिएको न्यूनतम महिला प्रतिनिधित्वका संख्यामा बढोत्तरी हुने अवस्था देखिँदैन। किनकि समानुपातिक निर्वाचन प्रणालीबाट राजनीतिक दललाई प्राप्त हुने स्थानमा पुरुष वा महिला कसलाई पठाउने भन्ने निणर्यको अधिकार राजनीतिक दलमा निहित छ। प्रदेश सभा तथा संघीय संसद् दुवैमा एउटै राजनीतिक दलले पनि महिलालाई कानुनले तोकेको न्यूनतम संख्याभन्दा बढी प्रतिनिधित्व गरिएको पाइदैन।

नेपालले महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, बेइजिङ घोषणा तथा कार्यनीति १९९५ र दिगो विकास लक्ष्य २०१५ लगायत संयुक्त राष्ट्रसंघीय निकायका निर्णयहरूमा हस्ताक्षर गरेर राज्यका सबै तहको नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ।

महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धिको भाग २ को धारा ७ मा महिलाको सरकारी नीति निर्माण र त्यसको कार्यान्वयन गर्ने तथा सार्वजनिक क्रियाकलाप

सम्पादन गर्ने अधिकार सुनिश्चित गरिएको छ। त्यस्तै, बेइजिङ घोषणा तथा कार्यनीतिले पहिचान गरेको महिलाको सरोकारका बाह्र वटा क्षेत्रमध्ये 'शक्ति संरचना र निर्णय प्रक्रियामा महिला' एक हो। हाल कार्यान्वयनमा रहेका यी दस्ताबेजले नीति निर्माण र निर्णय प्रक्रियामा महिला सहभागी हुने र निर्णयमा प्रभाव पार्ने विषय अन्तर्राष्ट्रिय स्तरमै सुनिश्चित गरेको छ।

नेपालमा २०७९ मा भएको स्थानीय निर्वाचन र आम निर्वाचनमा युवा सहभागितामा उल्लेखनीय वृद्धि भएको थियो। उक्त निर्वाचनबाट धेरै युवाहरु निर्वाचित भए र ४५ वर्ष मुनिका ६३ जना युवाको प्रतिनिधित्व संसदमा छ। वि.स २०७४ को निर्वाचनको तुलनामा यो वृद्धि उल्लेखनीय हो। २०७४ सालको निर्वाचनबाट २७५ सदस्यीय प्रतिनिधि सभाका लागि ४५ निर्वाचित युवा सांसदहरु निर्वाचित भएका थिए। यो वृद्धिले नेपालको राजनीतिक परिदृश्यलाई आकार दिन युवाहरूको बढ्दो प्रभावको रुपमा लिन सकिन्छ।

राजनीतिक विषयको बढ्दो सचेतना, सामाजिक सञ्जाल मार्फत राजनीतिक सचेतनामा भएको वढोत्तरी र परिवर्तनको लागि युवा पुस्ताको चाहना सहित धेरै कारणहरूले गर्दा राजनीतिमा युवा सहभागिता वढिरहेको छ। युवा मतदाताहरूले स्थापित ठूला नेताहरू विरुद्ध "नो, नट अगेन"अभियान चलाएर देशको राजनीतिक विकासमा प्रभाव पार्ने आफ्नो मनसायलाई सङ्केत गरेर आफ्नोउत्साह बढाईरहेका छन्। निर्वाचनले नेपालको राजनीतिक क्षेत्रमा प्रमुख युवा नेताहरुको उदयको बाटो पनि प्रशस्त गरेको छ।

प्रतिनिधिसभाको प्रत्यक्ष (पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली) निर्वाचनमा दलित, जनजाति र महिला उम्मेदवारले जित्न नसकेपछि भने अहिलेको संसद पछिल्लोको भन्दा कम समावेशी भएको देखिन्छ। ३५ जना जनजाति, ८ महिला र केवल १ दलितले संसदीय सिट जितेका छन्। एक दलित उम्मेदवार मात्र निर्वाचित भएपछि यो २०६४ को चुनाव पछि संसदमा दलितहरूको सबैभन्दा कम प्रतिनिधित्व हो। तर दलहरूले समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत संसदमा समानुपातिक सहभागिता गराइरहेका छन्।

२०११ को राष्ट्रिय जनगणनाका आधारमा समुदायका लागि १३.८ प्रतिशत सिट छुट्याएकोले जनसम्पर्क प्रणालीमा १५ दलित सदस्य निर्वाचित हुनुपर्नेछ । यसको अर्थ २७५ सदस्यीय संसदमा जम्मा १६ दलित प्रतिनिधि (५.८ प्रतिशत) रहनेछन् । २०७४ को चुनावमा, प्रत्यक्ष निर्वाचनअन्तर्गत ३ दलित प्रतिनिधिहरू संसदमा निर्वाचित भएका थए तर यसपटक १ जना दलित मात्रै विजयी भएका छन् ।

संविधानले संसदलगायत राज्यका अंगहरूमा देशका सबै जातजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरेको भए पनि महिला, दलित र जनजाति जस्ता सीमान्तकृत र पिछडिएका समूहको संसदमा जनगणनामा आधारित प्रतिनिधित्व छैन । खस आर्य समूहले ३१.२० प्रतिशत पाउनेछन् । आदिवासी जनजाति २८.७० प्रतिशत, मधेसी १५.३० प्रतिशत, दलित १३.८ प्रतिशत, थारु ६.६ प्रतिशत, र मुस्लिम ४.४० प्रतिशत पाउने व्यवस्था छ तर यो कुरा व्यवस्था मै सिमित छ ।

वि.सं. २०७४ को प्रत्यक्ष निर्वाचनमा ७ जना महिला मात्रै संसदमा निर्वाचित भए पनि यसपटक उनीहरुको संख्या ८ पुगेको छ । प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत आदिवासी जनजातिबाट निर्वाचित सांसदहरूको संख्या २०७४ मा ३३ थियो र अहिले ३५ पुगेको छ । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत आदिवासी जनजातिले कुल ११० सिटमध्ये ३१ सिट (वा २८.७ प्रतिशत) प्राप्त गर्दा अहिलेको संघीय संसदमा कुल ६६ (वा २४ प्रतिशत) मात्रै सांसद छन् छन् ।

# अध्याय ३

# निर्वाचन र प्रतिनिधित्व

## ३.१. संघीय संसदमा कर्णाली प्रदेशबाट उम्मेदवारी


प्रतिनिधि सभाका लागी कुल २७५ जना सांसद मध्ये निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली मार्फत एकल सदस्यीय निर्वाचन क्षेत्रबाट १६५ सदस्यहरू चयन गरिन्छ र अरु ११० सदस्यहरूलाई एउटै राष्ट्रव्यापी निर्वाचन क्षेत्रबाट राजनीतिक दलको सूची समानुपातिक प्रतिनिधित्व मार्फत चयन गर्ने संवैधानिक प्रावधान छ । प्रतिनिधि सभा निर्वाचन, २०७९ मा कर्णाली प्रदेशबाट लैङ्गिक दृष्टिकोणमा, उमेरको दृष्टिकोणमा र जातजातिको दृष्टिकोणमा प्रत्येक दलहरुबाट भएका उम्मेदवारी विवरण यस प्रकार छः

### ३.१.१. संघिय संसदमा कर्णाली प्रदेशबाट लैंगिक दृष्टिकोणमा उम्मेदवारी अवस्था

| राजनीतिक दल | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| नेपाली काङ्ग्रेस | ४ | ० | ० | ४ |
| एमाले | १२ | ० | ० | १२ |
| माओवादी | ४ | १ | ० | ५ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ६ | ० | ० | ६ |
| राष्ट्रिय प्रजातन्त्र पाटी | ११ | १ | ० | १२ |
| स्वतन्त्र | १३ | ० | ० | १३ |
| अन्य | २० | २ | ० | २२ |
| **जम्मा** | ७० | ४ | ० | ७४ |

प्रतिनिधि सभा सदस्य निर्वाचन ,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणले हेर्ने हो भने कुल ७४ जना मध्ये ७० पुरुष र ४ जना मात्र महिला रहेको देखिन्छ । जसमा नेपाली काङ्ग्रेस र नेकपा एमालेले कुनै पनि सिटमा महिलाको उम्मेदवारी दिएका छैनन् भने माओवादी केन्द्रबाट १, राष्ट्रिय स्वतन्त्र पार्टिबाट १ र अन्य दलहरुबाट २ जना गरी जम्मा ४ जनाको उम्मेदवारी दर्ता भएको देखिएको छ । समावेशितालाई मुल एजेण्डा

बनाउने गरेका नेपालका मुख्य दलहरुले महिलालाई एउटा पनि सिटमा उम्मेदवार नबनाउनु भनेको महिलाहरुलाई नीति निर्माणमा संलग्न गराउने विषयमा नजरअन्दाज गरेको रुपमा लिन सकिन्छ।




चित्र १ : संघिय संसदमा कर्णाली प्रदेशबाट लैंगिक दृष्टिकोणमा उम्मेदवारी

प्रस्तुत चित्रमा प्रतिनिधि सभा सदस्य निर्वाचन ,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणमा चित्रण गरिएको छ। संघिय संसदमा कुल उम्मेदवारहरु मध्ये ९४.६% पुरुष र ५.४% मात्र महिला उम्मेदवार रहेको देखिन्छ। नेपालको संविधानले नै संघीय र प्रदेश संसदमा एक तिहाई महिला सांसद हुनुपर्ने बाध्यकारी व्यवस्था गरेको भएता पनि यसरी हेर्दा प्रत्यक्ष निर्वाचन तर्फ भने उम्मेदवारी नै ५ प्रतिशत मात्र भएको छ।


यसलाई समानताको नीतिलाई आरक्षणको नीतिको रुपमा मात्र वुझेको रुपमा लिन सकिन्छ। जनसांख्यीक दृष्टिकोणले हेर्दा पनि कर्णाली प्रदेशमा पुरुषको भन्दा महिलाको जनसंख्या करीब ५ प्रतिशतले बढी नै छ तर पनि राजनीतिक दलहरुले निर्वाचनमा उम्मेदवारी दिदा महिलाहरुलाई प्राथमिकता नै नदिएको देखिन्छ। करीब ५२ प्रतिशत महिला भएको प्रदेशमा ५ प्रतिशत मात्र महिला उम्मेदवार हनु भनेको राजनीतिक दलहरुले नै संविधानको र्मविपरित भएको रुपमा लिन सकिन्छ।

## ३.१.२. संघिय संसदमा कर्णाली प्रदेशबाट उमेरको दृष्टिकोणमा उम्मेदवारी

| राजनीतिक दल | ४० वर्ष मुनिको उमेर समुह | ४१–६०उमेर समुह | ६१+उमेर समुह | जम्मा |
|---|---|---|---|---|
| नेपाली कांग्रेस | ० | २ | २ | ४ |
| एमाले | ० | १० | २ | १२ |
| माओवादी | १ | ४ | ० | ५ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ३ | ३ | ० | ६ |
| राष्ट्रिय प्रजातन्त्र पाटी | ३ | ६ | ३ | १२ |
| स्वतन्त्र | ३ | ७ | ३ | १३ |
| अन्य | ५ | ११ | ६ | २२ |
| जम्मा | १५ | ४३ | १६ | ७४ |

प्रतिनिधि सभा सदस्य निर्वाचन,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीलाई उमेरको दृष्टिकोणले हेर्ने हो भने ४० वर्ष मुनिको उमेर समुहका उम्मेदवारहरुमध्ये नेपाली काङ्ग्रेस र नेकपा एमालेबाट एक जना पनि थिएनन् भने नेकपा माओवादी केन्द्रबाट १ राष्ट्रिय स्वतन्त्र पार्टिबाट ३, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ३, स्वतन्त्रबाट ३ र अन्य पार्टिबाट ५ गरि जम्मा १५ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ।

त्यस्तै ४१ देखी ६० उमेर समुहमा नेपाली काङ्ग्रेसबाट २ जना, नेकपा माओवादी केन्द्रबाट ४ जना, नेकपा एमालेबाट १०, राष्ट्रिय स्वतन्त्र पार्टिबाट ३, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ६, स्वतन्त्रबाट ७ र अन्य पार्टिबाट ११ गरि जम्मा ४३ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ। त्यस्तै ६१ भन्दा माथिका उमेर समुहमा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टिबाट कुनै पनि उम्मेदवार थिएनन्। भने नेपाली काङ्ग्रेसबाट २ जना, नेकपा एमालेबाट २, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ३, स्वतन्त्रबाट ३ र अन्य पार्टिबाट ६ जना गरि जम्मा १६ जनाको उम्मेदवारी दर्ता भएको थियो।




चित्र २ : संघिय संसदमा कर्णाली प्रदेशबाट उमेरको दृष्टिकोणमा उम्मेदवारी

उल्लेखित चित्रमा प्रतिनिधि सभा सदस्य निर्वाचन,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीलाई उमेरको दृष्टिकोणले प्रस्तुत गरिएको छ। जसमा ४० बर्ष मुनिको उमेर समुहका उम्मेदवार २०.३%, ४१ देखी ६० वर्षका ५८.१% र ६१ वर्ष भन्दा माथिको उम्मेदवार २१.६% भएको देखिन्छ। नेपालमा एकै व्यक्ति पटकपटक चुनाव लड्ने र युवाहरुले आम निर्वाचनमा मौका नपाउने परिस्थिति छ।

यसले युवाहरुलाई राजनीतिमा निरुत्साहित गर्दछ। युवाहरूले नेपाली राजनीतिक प्रणालीलाई नयाँ दिशा दिन सक्छन् र नेपाली जनताको आवश्यकताहरूलाई पूरा गर्न सक्छन् भन्ने आशा सबैमा जगाउनको लागि समेत प्रत्यक्ष निर्वाचन प्रणालीमा युवा सहभागिता वढाउन आवश्यक छ


### ३.१.३. संघिय संसदमा कर्णाली प्रदेशबाट जातजातिको दृष्टिकोणमा उम्मेदवारी :

| राजनीतिक दल | जातजाति | | | |
|---|---|---|---|---|
| | खस/ आर्य | जनजाति | दलित | जम्मा |
| नेपाली काङ्ग्रेस | ४ | ० | ० | ४ |
| एमाले | १२ | ० | ० | १२ |
| माओवादी | ४ | १ | ० | ५ |
| राष्ट्रिय स्वतन्त्र पाटी | ४ | ० | १ | ६ |
| राष्ट्रिय प्रजातन्त्र पाटी | ११ | १ | ० | १२ |
| स्वतन्त्र | १२ | ० | १ | १३ |
| अन्य | १६ | ४ | २ | २२ |
| जम्मा | ६३ | ६ | ४ | ७४ |

प्रतिनिधि सभा सदस्य निर्वाचन,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीलाई जातजातिको दृष्टिकोणले हेर्ने हो भने कुल ७४ जना उम्मेदवार मध्ये ६३ जना खस आर्य रहेको देखिन्छ जसमध्ये नेपाली काङ्ग्रेसबाट ४ जना, नेकपा एमालेबाट १२, माओवादी केन्द्रबाट ४, राष्ट्रिय स्वतन्त्र पार्टिबाट ४, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ११, स्वतन्त्रबाट १२ र अन्य पार्टिबाट १६ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ।

जनजातीबाट कुल ६ जना उम्मेदवार भएका थिए जसमा माओवादी केन्द्रबाट १, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट १, अन्य पार्टिबाट ४ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ।

त्यस्तै दलित समुदायमा राष्ट्रिय स्वतन्त्र पार्टिबाट १ जना, स्वतन्त्रबाट १ जना र अन्य दलहरुबाट २ जना गरि जम्मा ४ जना उम्मेदवार भएका थिए। मुस्लिम समुदायबाट राष्ट्रिय स्वतन्त्र पार्टिबाट १ जनाको उम्मेदवारी दर्ता भएको र अन्य पार्टिबाट कोही पनि उम्मेदवार भएका थिएनन्।



चित्र ३ : संघिय संसदमा कर्णाली प्रदेशबाट जातजातिको दृष्टिकोणमा उम्मेदवारी

प्रतिनिधि सभा सदस्य निर्वाचन,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीलाई जातजातिको दृष्टिकोणले हेर्दा ८५.१% खस आर्य, ८.१% जनजाति, ५.४% दलित र १.४% मात्रै मुस्लिम समुदायका उम्मेदवार रहेको देखिन्छ। तथ्यांक अनुसार नेपाली समाजमा सिमान्तकृत र पछाडी परेका समुदायको रुपमा रहेका दलित एवं जनजातीको प्रत्यक्ष निर्वाचन प्रणालीमा उम्मेदवारी एकदमै कम छ।

### ३.२. **कर्णाली प्रदेश सभा सदस्यका लागी उम्मेदवारी**


कर्णाली प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट २४ जना र समानुपातिक निर्वाचन प्रणालीबाट १६ जना गरी जम्मा ४० जना सदस्य रहने संवैधानिक प्रावधान रहेकोमा कर्णाली प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने प्रणालीका लागी भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणमा,उमेरको दृष्टिकोणमा र जातजातिको दृष्टिकोणमा यहाँ विस्तृत रुपमा अध्ययन गरी तथ्याङ्क संकलन गरी व्याख्या गरीएको छ।

### ३.२.१. कर्णाली प्रदेश सभा सदस्यका लागी लैंगिक दृष्टिकोणमाउम्मेदवारी

| राजनीतिक दल | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| नेपाली कांग्रेस | १२ | ० | ० | १२ |
| एमाले | २४ | ० | ० | २४ |
| माओवादी | १० | ० | ० | १० |
| राष्ट्रिय स्वतन्त्र पाटी | - | - | - | - |
| राष्ट्रिय प्रजातन्त्र पाटी | २३ | ० | ० | २३ |
| स्वतन्त्र | १५ | ० | ० | १५ |
| अन्य | २९ | ३ | ० | ३२ |
| **जम्मा** | **११३** | **३** | **०** | **११६** |

तालिका ४ : कर्णाली प्रदेश सभा सदस्यका लागी लैंगिक दृष्टिकोणमा उम्मेदवारी

कर्णाली प्रदेश सभा सदस्य निर्वाचन,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणले हेर्ने हो भने कुल ११६ जना मध्ये ११३ पुरुष र ३ जना मात्र महिला रहेको देखिन्छ । जसमा नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादी केन्द्रले कुनैपनि महिलालाई प्रत्यक्ष निर्वाचनमा उठाएनन् । राष्ट्रिय स्वतन्त्र पार्टिले प्रदेशको निर्वाचनमा भाग नै लिएन् भने अन्य दलहरुबाट ३ जना महिला उम्मेदवार रहेका थिए ।




चित्र ४ : कर्णाली प्रदेश सभा सदस्यका लागी लैंगिक दृष्टिकोणमा उम्मेदवारी


कर्णाली प्रदेश सभा सदस्य निर्वाचन ,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको निर्वाचनमा कुल उम्मेदवारहरु मध्ये ९७.४% पुरुष र २.६% मात्र महिला उम्मेदवार रहेको देखिन्छ। उपरोक्त तथ्यांकले प्रदेश स्तरमा पनि दलहरुले महिलालाई प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी वनाउने विषयलाई प्राथमिकतामा नराखेको देखिन्छ। नीति निर्माणमा महिलाको आवाजलाई वलियो र अर्थपुर्ण वनाउनको लागि निर्वाचनमा महिला सहभागितालाई उल्लेख्य रुपमा अगाडी वढाउन आवश्यक छ। कर्णालीको सन्दर्भलाई अध्ययन गर्दा राजनीतिक दल, सरकार, संसदमा नेतृत्व वहन गर्न सक्ने महिला राजनीतिज्ञहरु हुँदाहुँदै पनि विविध कारणले उनीहरू अवसरबाट वञ्चित हुनुपरेको छ। युवा तथा महिलाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई नीति-निर्माण र राष्ट्रिय विकासको मूलधारमा ल्याउनु एकदम आवश्यक देखिन्छ।

### ३.२.२. कर्णाली प्रदेश सभा सदस्यका लागी उमेरको दृष्टिकोणमा उम्मेदवारी

| राजनीतिक दल | ४० वर्ष मुनिको उमेर समुह | ४१-६०उमेर समुह | ६१+उमेर समुह | जम्मा |
|---|---|---|---|---|
| नेपाली काङ्गेस | १ | ८ | ३ | १२ |
| एमाले | २ | १८ | ४ | २४ |
| माओवादी | ० | १० | ० | १० |
| राष्ट्रिय स्वतन्त्र पाटी | - | - | - | - |
| राष्ट्रिय प्रजातन्त्र पाटी | ६ | १२ | ५ | २३ |
| स्वतन्त्र | ३ | ७ | ५ | १५ |
| अन्य | ७ | १९ | ६ | ३२ |
| **जम्मा** | १९ | ७४ | २३ | ११६ |

कर्णाली प्रदेश सभा सदस्य निर्वाचन,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीलाई उमेरको दृष्टिकोणले हेर्ने हो भने ४० बर्ष मुनिको उमेर समुहका उम्मेदवारहरु मध्य माओवादी केन्द्रबाट एक जना पनि उम्मेदवार थिएनन् भने नेपाली काङ्गेसबाट १ जना, नेकपा एमालेबाट २ जना,राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ६ जना, स्वतन्त्रबाट ३ र अन्य पार्टिबाट ७ गरि जम्मा १९ जनाको उम्मेदवारी दर्ता भएको थियो। त्यस्तै ४१ देखी ६० उमेर समुहमा नेपाली काङ्गेसबाट ८ जना, माओवादी केन्द्रबाट १० जना, नेकपा एमालेबाट १८ जना, राष्ट्रिय प्रजातन्त्र

पार्टिबाट १२ जना, स्वतन्त्रबाट ७ र अन्य पार्टिबाट १९ गरि जम्मा ७४ जनाको उम्मेदवारी दर्ता भएको थियो। त्यस्तै ६१ भन्दा माथिका उमेर समुहमा माओवादी केन्द्रबाट कुनै पनि उम्मेदवारी दर्ता भएन् भने नेपाली काङ्ग्रेसबाट ३ जना, नेकपा एमालेबाट ४ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ५ जना, स्वतन्त्रबाट ५ र अन्य पार्टिबाट ६ जना गरि जम्मा २३ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ। राष्ट्रिय स्वतन्त्र पार्टिले प्रदेशको निर्वाचनमा भाग नै लिएन्।




चित्र ५ : कर्णाली प्रदेश सभा सदस्यका लागी उमेरको दृष्टिकोणमा उम्मेदवारी

कर्णाली प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको निर्वाचनमा कुल उम्मेदवारमध्ये ४० वर्ष मुनिको उमेर समुहका १६.४% ४१ देखी ६० उमेर समुहका ६३.८% र ६१ भन्दा माथिका १९.८% रहेको देखिन्छ। राजनीतिक प्रणालीलाई प्रतिनिधिमूलक बनाउन राज्य सञ्चालन प्रकृयामा समाजका सबै समावेश हुनुपर्छ।

जव युवाहरू राजनैतिक प्रक्रियाबाट वञ्चित वा बहिष्कृत हुन्छन्, तब मुलुकका मुलधारमा रहेका व्यक्तिहरुलाई पायक पर्ने निर्णयमा कमी आँउछ र उनीहरुको आवाजको सुनुवाई हुँदैन। राजनीतिमा युवाहरुको प्रभावकारी हस्तक्षेप हुनको लागि समेत आम निर्वाचनमा युवाहरुलाई प्रोत्साहन गर्न जरुरी छ।


## ३.२.३. कर्णाली प्रदेश सभा सदस्यका लागी जातजातिको दृष्टिकोणमा उम्मेदवारी

| राजनीतिक दल | जातजाति | | | | |
|---|---|---|---|---|---|
| | खस/ आर्य | जनजाति | दलित | मुस्लिम | जम्मा |
| नेपाली काङ्ग्रेस | ११ | १ | ० | ० | १२ |
| एमाले | २१ | २ | १ | ० | २४ |
| माओवादी | ८ | ० | १ | ० | ९ |
| राष्ट्रिय स्वतन्त्र पाटी | - | - | - | - | - |
| राष्ट्रिय प्रजातन्त्र पाटी | १९ | २ | २ | ० | २३ |
| स्वतन्त्र | १४ | ० | १ | १ | १६ |
| अन्य | २५ | ४ | ३ | ० | ३२ |
| **जम्मा** | ९८ | ९ | ८ | १ | ११६ |

कर्णाली प्रदेश सभा सदस्य निर्वाचन,२०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीमा जातजातिको दृष्टिकोणमा हेर्ने हो भने कुल ११६ जना उम्मेदवार मध्ये ९८ जना खस आर्य रहेको देखिन्छ जस मध्ये नेपाली काङ्ग्रेसबाट ११ जना, नेकपा एमालेबाट २१जना, माओवादी केन्द्रबाट ८ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट १९ जना, स्वतन्त्रबाट १४ जना, अन्य पार्टिबाट २५ जनाको उम्मेदवारी दर्ता भएको थियो।

जनजातीबाट ९ जना उम्मेदवार बनेकोमा नेपाली काङ्ग्रेसबाट १, नेकपा एमालेबाट २, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट २, अन्य पार्टिबाट ३ जनाको उम्मेदवारी दर्ता भएको थियो भने अन्य पार्टिले जनजातिबाट कुनै पनि उम्मेदवारी दर्ता नगराएको देखिन्छ।

त्यस्तै दलित समुदायको प्रतिनिधित्व गर्दै नेपाली काङ्ग्रेसबाट उम्मेदवारी नै रहेको थिएन भने नेकपा एमालेबाट १, माओवादी केन्द्रबाट १, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट २, स्वतन्त्रबाट १ जना र अन्य दलहरुबाट ३ जना गरि जम्मा ८ जनाको उम्मेदवारी भएको देखिन्छ। मुस्लिम समुदायबाट स्वतन्त्रबाट १ जनाको उम्मेदवारी दर्ता भएको र अन्य पार्टिबाट कोही पनि उम्मेदवार भएका थिएनन्।




चित्र ६: कर्णाली प्रदेश सभा सदस्यका लागी जातजातिको दृष्टिकोणमा उम्मेदवारी


प्रस्तुत चित्रमा कर्णाली प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा पहिलो हुने निर्वाचित हुने सदस्यका लागी भएको उम्मेदवारीलाई जातजातिको दृष्टिकोणमा उल्लेख गरिएको छ जसअन्तर्गत ८४.५%, खस आर्य, ७.८% जनजाति, ६.९% दलित र ०.९% मुस्लिम रहेका छन् ।

## ३.३. कर्णाली प्रदेशका स्थानीय तहहरुमा प्रमुख तथा अध्यक्षको उम्मेदवारी

### ३.३.१. लैंगिक दृष्टिकोणमा स्थानीय तहहरुमा प्रमुख तथा अध्यक्षको उम्मेदवारी

| राजनीतिक दल | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| नेपाली काङ्ग्रेस | ६० | ४ | ० | ६४ |
| एमाले | ६३ | ४ | ० | ६७ |
| माओवादी | ५२ | १ | ० | ५३ |
| राष्ट्रिय स्वतन्त्र पाटी | - | - | - | - |
| राष्ट्रिय प्रजातन्त्र पाटी | ४९ | २ | ० | ५१ |
| स्वतन्त्र | ५३ | १ | ० | ५४ |
| अन्य | ९५ | ५ | ० | १०० |
| जम्मा | ३७२ | १७ | ० | ३८९ |

कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका प्रमुख तथा अध्यक्षका लागि भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणले हेर्ने हो भने कुल ३८९ जना मध्ये ३७२ पुरुष र १७ जना मात्र महिला रहेको देखिन्छ। जसमा नेपाली काङ्ग्रेसबाट ४, नेकपा एमालेबाट ४, माओवादी केन्द्रबाट १,स्वतन्त्रबाट १ जना र अन्य दलहरुबाट ५ जना गरी जम्मा १७ जनाको उम्मेदवारी दर्ता भएको देखिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टि यो निर्वाचनमा सामेल थिएन्।





चित्र ७: कर्णाली प्रदेशका स्थानीय तहहरुमा प्रमुख तथा अध्यक्षको लैंगिक दृष्टिकोणमा उम्मेदवारी

कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका प्रमुख तथा अध्यक्षका लागि भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणमा हेर्दा ९५.६% पुरुष र ४.४% मात्र महिला रहेका छन्। कार्यकारी भुमिका र स्थानीय तहको प्रमुखको रुपमा रहने यी पदमा भने महिला उम्मेदवार नगन्य मात्रामा हुने गरेको देखिन्छ। स्थानीय तहको प्रमुख र उपप्रमुख मध्ये कम्तिमा १ जना महिला हुनैपर्ने वाध्यकारी कानुन भएको र यस कानुनअनुसार प्रमुखमा भने उम्मेदवार वनाइने गरेको पाँइदैन। अझँ पछिल्लो समयमा चुनावमा विभिन्न दलहरु गठवन्धन गरेर जाने संस्कार विकास हुँदै गर्दा प्रमुख र उपप्रमुख दुवैमा महिला उम्मेदवार नहुने अवस्था वनेको छ।

### ३.३.२. उमेरको दृष्टिकोणमा स्थानीय तहहरुमा प्रमुख तथा अध्यक्षको उम्मेदवारी

| राजनीतिक दल | ४० वर्ष मुनिको उमेर समुह | ४१-६०उमेर समुह | ६१+उमेर समुह | जम्मा |
|---|---|---|---|---|
| नेपाली काङ्ग्रेस | २० | ४० | ४ | ६४ |
| एमाले | १६ | ४७ | ४ | ६७ |
| माओवादी | १७ | ३३ | ३ | ५३ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | - | - | - | - |
| राष्ट्रिय प्रजातन्त्र पाटी | १६ | २५ | १० | ५१ |
| स्वतन्त्र | २५ | २४ | ५ | ५४ |
| अन्य | ३७ | ५३ | १० | १०० |
| जम्मा | १३१ | २२२ | ३६ | ३८९ |

स्थानीय तह निर्वाचन, २०७९ मा कर्णाली प्रदेशमा स्थानीय तहका प्रमुख तथा अध्यक्षका लागी भएको उम्मेदवारीलाई उमेरको दृष्टिकोणले हेर्ने हो भने ४० वर्ष मुनिको उमेर समुहका उम्मेदवारहरुमध्ये माओवादी केन्द्रबाट १७ जना, नेपाली काङ्ग्रेसबाट २० जना र नेकपा एमालेबाट १६ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट १६, स्वतन्त्रबाट २५ र अन्य पार्टिबाट ३७ गरि जम्मा १३१ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ। त्यस्तै ४१ देखी ६० उमेर समुहमा नेपाली काङ्ग्रेसबाट ४० जना, माओवादी केन्द्रबाट ३३ जना, नेकपा एमालेबाट ४७ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट २५ जना, स्वतन्त्रबाट २६ र अन्य पार्टिबाट ३६ गरि जम्मा २२२ जनाको उम्मेदवारी दर्ता भएको थियो। त्यस्तै ६१ भन्दा माथिका उमेर समुहमा माओवादी केन्द्रबाट ३, नेपाली काङ्ग्रेसबाट ४, नेकपा एमालेबाट ४, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट १० र स्वतन्त्रबाट ५ र अन्य पार्टिबाट १० जना गरि जम्मा ३६ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ।





चित्र ८: कर्णाली प्रदेशका स्थानीय तहहरुमा प्रमुख तथा अध्यक्षको उमेरको दृष्टिकोणमा उम्मेदवारी

कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका प्रमुख तथा अध्यक्षका लागी भएको उम्मेदवारीमा उमेरको दृष्टिकोणले हेर्दाखेरी उम्मेदवारी दर्ता गराउनेमा ४० वर्ष मुनिको उमेर समुहका ३३.७%, ४१ देखी ६० उमेर समुहका ५७.१% र ६१ भन्दा माथिका उमेर समुहका ९.३% रहेका थिए।

### ३.३.३. जातजातिको दृष्टिकोणमास्थानीय तहहरुमा प्रमुख तथा अध्यक्षको उम्मेदवारी

| राजनीतिक दल | जातजाति | | | | |
|---|---|---|---|---|---|
| | खस/ आर्य | जनजाति | दलित | मुस्लिम | जम्मा |
| नेपाली काङ्ग्रेस | ५८ | ४ | ० | ० | ६२ |
| एमाले | ६२ | ४ | ४ | ० | ७० |
| माओवादी | ४८ | ३ | ३ | ० | ५४ |
| राष्ट्रिय स्वतन्त्र पाटी | - | - | - | - | - |
| राष्ट्रिय प्रजातन्त्र पाटी | ४६ | ३ | ३ | ० | ५२ |
| स्वतन्त्र | ४४ | २ | ६ | १ | ५२ |
| अन्य | ८० | ८ | ११ | ० | ९९ |
| जम्मा | ३३८ | २४ | २७ | ० | ३८९ |

कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका प्रमुख तथा अध्यक्षका लागी भएको उम्मेदवारीलाई जातजातिको दृष्टिकोणमा हेर्ने हो भने कुल ३८९ जना उम्मेदवारमध्ये ३३८ जना खस आर्य रहेको देखिन्छ जस मध्ये नेपाली काङ्ग्रेसबाट ५८ जना, नेकपा एमालेबाट ६२ जना, माओवादी केन्द्रबाट ४८जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ४६ जना, स्वतन्त्रबाट ४४ जना र अन्य पार्टिबाट ८० जनाको उम्मेदवारी दर्ता भएको थियो। जनजाती समुदायको प्रतिनिधित्व गर्दै २४ जनाले उम्मेदवारी दर्ता गरेकोमा नेपाली काङ्ग्रेसबाट ४ जना, नेकपा एमालेबाट ४ जना,नकेपा माओवादी केन्द्रबाट ३ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ३ जना, स्वतन्त्रबाट २ जना र अन्य पार्टिबाट ८ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ। त्यस्तै दलित समुदायको प्रतिनिधित्व गर्दै स्थानीय तहमा नेपाली काङ्ग्रेसबाट कोहि पनि उम्मेदवार रहेका थिएनन् भने नेकपा एमालेबाट ४ जना, नेकपा माओवादी केन्द्रबाट ३ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ३ जना, स्वतन्त्रबाट ६ जना र अन्य दलहरुबाट ११ जना गरि जम्मा २७ जनाको उम्मेदवारी भएको देखिन्छ। साथै मुस्लिम समुदायबाट कोही पनि उम्मेदवार नभएको देखिन्छ।




चित्र ९: कर्णाली प्रदेशका स्थानीय तहहरुमा प्रमुख तथा अध्यक्षको जातजातिको दृष्टिकोणमा उम्मेदवारी


उल्लेखित चित्रले कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका प्रमुख तथा अध्यक्षका लागी भएको उम्मेदवारीलाई जातजातिको दृष्टिकोणमा प्रस्तुत गर्दछ। जसमा कुल उम्मेदवारमध्ये ८६.९% खस आर्य रहेका छन् भने ६.२% जनजाति र ६.९% दलित समुदायबाट उम्मेदवारी रहेको छ।

## ३.४. कर्णाली प्रदेशका स्थानीय तहहरुमा उपप्रमुख तथा उपाध्यक्षको उम्मेदवारी

### ३.४.१. लैंगिक दृष्टिकोणमा स्थानीय तहहरुमा उपप्रमुख तथा उपाध्यक्षको उम्मेदवारी

| राजनीतिक दल | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| नेपाली काङ्ग्रेस | ७ | ४९ | ० | ५६ |
| एमाले | १८ | ५४ | ० | ७२ |
| माओवादी | १५ | ३६ | ० | ५१ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | - | - | - | - |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ८ | ४० | ० | ४८ |
| स्वतन्त्र | २४ | १८ | ० | ४२ |
| अन्य | २३ | ५७ | ० | ८० |
| **जम्मा** | **९५** | **२५४** | **०** | **३४९** |

स्थानीय तह निर्वाचन, २०७९ मा कर्णाली प्रदेशका स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षका लागि भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणले हेर्ने हो भने कुल ३४९ जना मध्ये ९५ पुरुष र २५४ जना महिला उम्मेदवार बनेको देखिन्छ। नेपाली काङ्गेसबाट ४९, नेकपा एमालेबाट ५४, माओवादी केन्द्रबाट ३६, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ४०, स्वतन्त्रबाट १८ र अन्य दलहरुबाट ५७ जना गरी जम्मा २५४ जनाको उम्मेदवारी दर्ता भएको देखिएको छ। स्थानीय तहको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी सहभागी भएको थिएन् ।




चित्र १०: कर्णाली प्रदेशका स्थानीय तहहरुमा उपप्रमुख तथा उपाध्यक्षको लैंगिक दृष्टिकोणमा उम्मेदवारी


कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षका लागि भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणले हेर्दा ७२.८% महिला र २७.२% पुरुषको उम्मेदवारी रहेको थियो । अधिकांश दलहरुले उपप्रमुख तथा उपाध्यक्ष पदमा महिला उम्मेदवार वनाएका थिए भने निर्वाचनमा गठवन्धन भएको कारण केहि स्थानीय तहमा उक्त पदमा पुरुष पनि उम्मेदवार रहेका थिए।

### ३.४.२. उमेरको दृष्टिकोणमास्थानीय तहहरुमा उपप्रमुख तथा उपाध्यक्षको उम्मेदवारी

| राजनीतिक दल | ४० वर्ष मुनिको उमेर समुह | ४१–६०उमेर समुह | ६१+उमेर समुह | जम्मा |
|---|---|---|---|---|
| नेपाली काङ्ग्रेस | ३५ | २० | १ | ५६ |
| एमाले | ३३ | ३७ | २ | ७२ |
| माओवादी | ३३ | १७ | १ | ५१ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | - | - | - | - |
| राष्ट्रिय प्रजातन्त्र पाटी | २३ | २२ | ३ | ४८ |
| स्वतन्त्र | २० | २६ | ६ | ४२ |
| अन्य | ५० | २८ | २ | ८० |
| **जम्मा** | १९४ | १४० | १५ | ३४९ |

तालिका ११ : कर्णाली प्रदेशका स्थानीय तहहरुमा उपप्रमुख तथा उपाध्यक्षको उमेरको दृष्टिकोणमा उम्मेदवारी

स्थानीय तह निर्वाचन, २०७९ मा कर्णाली प्रदेशमा स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षका लागी भएको उम्मेदवारीलाई उमेरको दृष्टिकोणले हेर्ने हो भने ४० वर्ष मुनिको उमेर समुहका उम्मेदवारहरुमध्ये माओवादी केन्द्रबाट ३३ जना, नेपाली काङ्ग्रेसबाट ३५ जना, नेकपा एमालेबाट ३३ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट २३ जना,स्वतन्त्रबाट २० जना र अन्य पार्टिबाट ५० जना गरि जम्मा १९४ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ। त्यस्तै ४१ देखी ६० उमेर समुहमा नेपाली काङ्ग्रेसबाट २० जना, माओवादी केन्द्रबाट १७ जना, नेकपा एमालेबाट ३७ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट २२ जना, स्वतन्त्रबाट १६ जना र अन्य पार्टिबाट २५ जना गरि जम्मा १४० जनाको उम्मेदवारी दर्ता भएको थियो । त्यस्तै ६१ भन्दा माथिका उमेर समुहमा माओवादी केन्द्रबाट १ जना, नेपाली काङ्ग्रेसबाट १ जना, नेकपा एमालेबाट २ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ३ जना, स्वतन्त्रबाट ६ र अन्य पार्टिबाट २ जना गरि जम्मा १५ जनाको उम्मेदवारी दर्ता भएको थियो।





चित्र ११: कर्णाली प्रदेशका स्थानीय तहहरुमा उपप्रमुख तथा उपाध्यक्षको उमेरको दृष्टिकोणमा उम्मेदवारी

स्थानीय तह निर्वाचन, २०७९ मा कर्णाली प्रदेशका स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षका लागी भएको उम्मेदवारीलाई उमेरको दृष्टिकोणले हेर्दा ४० वर्ष मुनिको उमेर समुहका उम्मेदवारहरु ५५.६% रहेका थिए भने ४१ देखी ६० उमेर समुहका ४०.१% र ६१ भन्दा माथिका ४.३% उम्मेदवार रहेको देखिन्छ।

### ३.४.३. जातजातिको दृष्टिकोणमा स्थानीय तहहरुमा उपप्रमुख तथा उपाध्यक्षको उम्मेदवारी

| राजनीतिक दल | जातजाति | | | | |
|---|---|---|---|---|---|
| | खस/ आर्य | जनजाति | दलित | मुस्लिम | जम्मा |
| नेपाली काङ्ग्रेस | ४८ | ५ | ४ | ० | ५७ |
| एमाले | ६५ | ३ | २ | ० | ७० |
| माओवादी | ४२ | ५ | ४ | ० | ५१ |
| राष्ट्रिय स्वतन्त्र पाटी | ० | ० | ० | ० | ० |
| राष्ट्रिय प्रजातन्त्र पाटी | ४२ | ३ | ३ | ० | ४८ |
| स्वतन्त्र | ३३ | २ | ८ | ० | ४३ |
| अन्य | ६३ | १० | ७ | ० | ८० |
| **जम्मा** | २९३ | २८ | २८ | ० | ३४९ |

स्थानीय तह निर्वाचन, २०७९ मा कर्णाली प्रदेशका स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षका लागी भएको उम्मेदवारीलाई जातजातिको दृष्टिकोणमा हेर्ने हो भने कुल ३४९ जना उम्मेदवार मध्ये२९३ जना खस आर्य रहेको देखिन्छ जस मध्ये नेपाली काङ्ग्रेसबाट ४८ जना, नेकपा एमालेबाट ६५ जना, माओवादी केन्द्रबाट ४२ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ४२ जना, स्वतन्त्रबाट ३३ जना र अन्य पार्टिबाट ६३ जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ। जनजातीबाट २४ जना उम्मेदवार भएकोमा नेपाली काङ्ग्रेसबाट ५ जना, नेकपा एमालेबाट ३ जना, माओवादी केन्द्रबाट ५ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ३ जना, स्वतन्त्रबाट २ जना, अन्य पार्टिबाट १० जनाको उम्मेदवारी दर्ता भएको देखिन्छ। त्यस्तै दलित समुदायमा नेपाली काङ्ग्रेसबाट ४ जना, नेकपा एमालेबाट २ जना, माओवादी केन्द्रबाट ४ जना, राष्ट्रिय प्रजातन्त्र पार्टिबाट ३ जना, स्वतन्त्रबाट ८ जना र अन्य दलहरुबाट ७ जना गरि जम्मा २८ जनाको उम्मेदवारी भएको देखिन्छ। यस पदमा मुस्लिम समुदायबाट कोही पनि उम्मेदवार भएका थिएनन्।




चित्र १२ः कर्णाली प्रदेशका स्थानीय तहहरुमा उपप्रमुख तथा उपाध्यक्षको जातजातीको दृष्टिकोणमा उम्मेदवारी

स्थानीय तह निर्वाचन, २०७९ मा कर्णाली प्रदेशका स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षका लागी भएको उम्मेदवारीलाई जातजातिको दृष्टिकोणमा हेर्दा कुल उम्मेदवारमध्ये ८३.९५% खस आर्य ८.०२% जनजाति, ८.०२% दलित र मुस्लिम समुदायबाट कुनै पनि उम्मेदवारी नरहेको देखिन्छ।

# अध्याय ४

## निष्कर्ष तथा सुझावहरु

### ४.१. निष्कर्ष

निर्वाचनमा सबै क्षेत्र र पक्षको सहभागिता र सबै जाति, धर्म, उमेर, लिंग आदिको प्रतिनिधित्व अति महत्वपूर्ण र जटिल मुद्दा हो । निर्वाचनमा रहेको सहभागिताले अपनत्व बढाउँछ भने कम सहभागिताले यसप्रतिको नकारात्मक धारणा इंगित गर्दछ । महिला तथा समावेशी समूहको विभिन्न तहमा निर्वाचित प्रतिनिधित्व कानुनी प्रावधानको कारणले मात्र भएको देखिन्छ। स्थानीय तहमा निर्वाचित हुने महिला तथा दलित महिलाको प्रतिनिधित्वमा उल्लेख्य वृद्धि हुनुमा कानुनी प्रावधानले नै महत्वपूर्ण भूमिका खेलेको छ। यस अध्ययनमा उल्लेख गरिएका कतिपय तथ्यले नेपालको निर्वाचनमा संख्यात्मक रूपमा निर्वाचित महिलाको संख्यामा कमी आएको स्थिति देखाए पनि अन्तर्राष्ट्रिय स्थितिको तुलनामा नेपालले राम्रो प्रगति गरिरहेको अवस्था छ। नेपालको संविधान र प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचन ऐनको मर्म, भावना र प्रावधानका आधारमा राजनीतिक दलहरूबाट पहिलो हुने निर्वाचन प्रयोजनामा समावेशिता र सहभागितालाई पूर्णरुपमा पालना गरेको देखिँदैन ।

**यस अध्ययनका प्रमुख नतिजाहरु यस प्रकार रहेका छन् :**

१.समावेशितालाई मुल एजेण्डा बनाउने गरेका नेपालका मुख्य दलहरुले महिलालाई एउटा पनि सिटमा उम्मेदवारी नदिनु भनेको महिलाहरुलाई नीति निर्माणमा संलग्न गराउने विषयमा नजर अन्दाज गरेको रुपमा लिन सकिन्छ।

२.संघिय संसदमा कुल उम्मेदवारहरु मध्ये ९४.६% पुरुष र ५.४% मात्र महिला उम्मेदवार थिए।

३. प्रतिनिधि सभामा कर्णाली प्रदेशबाट ४० बर्ष मुनिको उमेर समुहका उम्मेदवार २०.३%, ४१ देखी ६० वर्षका ५८.१% र ६१ वर्ष भन्दा माथिको उम्मेदवार २१.६% थिए।

४. प्रतिनिधि सभा सदस्य लागी भएको उम्मेदवारीमा हेर्दा ८५.१% खस आर्य, ८.१% जनजाति, ५.४% दलित र १.४% मात्रै मुस्लिम समुदायका उम्मेदवार रहे।

५.कर्णाली प्रदेश सभा सदस्यका लागी भएको निर्वाचनमा कुल उम्मेदवारहरु मध्ये ९७.४% पुरुष र २.६% मात्र महिला उम्मेदवार रहेको देखियो।

६.कर्णाली प्रदेश सभा सदस्यका लागी भएको निर्वाचनमा कुल उम्मेदवार मध्ये ४० वर्ष मुनिको उमेर समुहका १६.४%, ४१ देखी ६० उमेर समुहका ६३.८% र ६१ भन्दा माथिका १९.८% थिए।

७.कर्णाली प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गतको उम्मेदवार मध्य ८४.५% खस आर्य , ७.८% जनजाति, ६.९% दलित र ०.९% मुस्लिम थिए।

८.कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका प्रमुख तथा अध्यक्षका लागि भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणमा हेर्दा ९५.६% पुरुष र ४.४% मात्र महिला थिए।

९.कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका प्रमुख तथा अध्यक्षका लागी भएको उम्मेदवारीमा उमेरको दृष्टिकोणले हेर्दाखेरी उम्मेदवारी दर्ता गराउनेमा ४० वर्ष मुनिको उमेर समुहका ३३.७%, ४१ देखी ६० उमेर समुहका ५७.१% र ६१ भन्दा माथिका उमेर समुहका ९.३% रहेका थिए।

१०.कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका प्रमुख तथा अध्यक्षका लागी भएको उम्मेदवारीलाई जातजातिको दृष्टिकोणमा हेर्दा कुल उम्मेदवार मध्य ८६.९% खस आर्य रहेका छन् भने ६.२% जनजाति र ६.९% दलित समुदायबाट उम्मेदवारी रहेको थियो।

११.कर्णालीका स्थानीय तह निर्वाचन, २०७९ मा स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षका लागि भएको उम्मेदवारीलाई लैंगिक दृष्टिकोणले हेर्दा ७२.८% महिला र २७.२% पुरुषको उम्मेदवारी रहेको थियो।

१२.स्थानीय तह निर्वाचन, २०७९ मा कर्णाली प्रदेशका स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षका लागी भएको उम्मेदवारीलाई उमेरको दृष्टिकोणले हेर्दा ४० वर्ष मुनिको उमेर समुहका उम्मेदवारहरु ५५.६% रहेका थिए भने ४१ देखी ६० उमेर समुहका ४०.१% र ६१ भन्दा माथिका ४.३% उम्मेदवार रहेको देखिन्छ।

१३.स्थानीय तह निर्वाचन, २०७९ मा कर्णाली प्रदेशका स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षका लागी भएको उम्मेदवारीलाई जातजातिको दृष्टिकोणमा हेर्दा कुल उम्मेदवार मध्ये ८३.९५%, खस आर्य ८.०२% जनजाति, ८.०२% दलित र मुस्लिम समुदायबाट कुनै पनि उम्मेदवारी थिएन।

### ४.२.सुझावहरु

प्रत्यक्ष निर्वाचनमा महिला, युवा एवं सिमान्तकृत समुदायको प्रतिनिधित्व बढाउनको लागी समाज राज्य र व्यक्ति स्वयम् नै लाग्नु पर्छ। राजनीतिक दल देखी नीति निर्माताहरुले समावेशितालाई मध्यनजर गर्दै उम्मेदवारी दिनु पर्छ। प्रत्यक्ष निर्वाचनमा महिला, युवा एवं सिमान्तकृत समुदायको प्रतिनिधित्व वढाएमा यसले नीति निर्माणमा यी समुदायको अर्थपुर्ण सहभागितालाई योगदान गर्दछ।

१.राजनीतिक दलहरूले युवा तथा महिलाहरूलाई राजनीतिक सचेतना वृद्धि गरी दलको विभिन्न तहका समितिहरूमा र साधारण सदस्यको रूपमा समेत महिला तथा समावेशी समूहको सदस्य संख्या वृद्धि गर्नु पर्दछ।

२.सामाजिक विभेदको कारणले गर्दा महिला तथा समावेशी समूहका व्यक्तिहरू अझपनि राज्यको मूल प्रवाहीकरणमा आउन सकेका छैनन् साथै युवाहरुले केही गर्न सक्दैनन्, उनिहरुको दक्षता क्षमताले भ्याउदैन भन्ने जस्ता कुराले उनिहरुको नीति निर्माणमा न्युन सहभागीता देखीन्छ। राज्यका विभिन्न अङ्गहरूमा अर्थपूर्ण सहभागीताका लागि युवा महिलातथा समावेशी समूहको क्षमता विकास गरी उनीहरूको सहभागितामा वृद्धि गर्नु आवश्यक छ।

३.महिला तथा समावेशी समूहको निर्वाचनमा उम्मेवारी संख्यामा निकै नै कमी भएकोले उनीहरूको संलग्नता वृद्धि गर्दै लैजानको लागि स्थानीय स्तर देखि नै नेतृत्व विकास र नेतृत्वको अवसर सिर्जना गर्नुपर्छ।

४.सामाजिक संघ संस्थाहरुले मतदाता नामावली दर्ता देखि निर्वाचनको नतिजा घोषणासम्मका निर्वाचन प्रक्रियामा विभिन्न समूहहरूको छाता संगठनहरूको क्रियाशिलता वृद्धि गरी युवा महिला तथा समावेशी समूहलाई सबै प्रक्रियामा सहभागी गराउनका लागि नेपाल सरकार, निर्वाचन आयोग तथा विकास साझेदारहरूको सहकार्यमा सामाजिक संघसंस्थाहरूले कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ।

५.निर्वाचन तथा मतदाता शिक्षा प्रदान गर्ने किसिमका सामग्री वा कार्यक्रम प्रसारण गर्दा सकेसम्म महिला तथा समावेशी समूहलाई बढी फाइदा हुने गरी प्रकाशन/प्रसारण गर्नुपर्दछ। निर्वाचन प्रक्रिया र कानुनी व्यवस्थाको सम्बन्धमा लक्षित वर्गलाई बुझ्न सहज हुने गरी स्थानीय भाषा तथा श्रव्य दृश्य सामग्रीको प्रकाशन र प्रसारण गर्नुपर्दछ।

६.वर्तमान निर्वाचन प्रणाली अनुरूप पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ समावेशिताको सिद्धान्तलाई अवलम्बन गर्नु पर्ने कानुनी बाध्यता नहुँदा राजनैतिक दलहरूले उम्मेदवार मनोनयन गर्ने क्रममा महिलाको प्रतिनिधित्व तर्फ कम ध्यान दिएको पाईएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ कम्तीमा एक तिहाई महिला तथा समावेशी समूहको उम्मेदवारी दिनु पर्ने व्यवस्था गरिनु आवश्यक छ।

७.सरकारी तथा सार्वजनिक सेवामा कार्यान्वयनमा रहेको सकारात्मक विभेद तथा आरक्षणको नीतिको प्रभावकारिता मूल्यांकन गरी महिलाभित्रको समूह तथा समावेशी समूहमा यो नीति केन्द्रित गर्ने र अन्तराष्ट्रिय प्रतिबद्धता, संविधान र कानून बमोजिम देशभित्र तथा बाहिर सहभागिता, प्रतिनिधित्व तथा मनोनयन गर्दा महिलाको सहभागितामा उल्लेख्य मात्रामा वृद्धी गर्न आवश्यक छ।

८.संवैधानिक प्रावधान अनुसार महिला जनप्रतिनिधिको संख्यात्मक परिमाण राम्रै भएपनि सार्थक र नेतृत्वदायी भूमिका नहुँदा लैंगिक सन्तुलन नमिलेको र महिला सशक्तीकरण कमजोर भएको छ। यसको निराकरणका लागि पालिकामध्ये कम्तीमा एकतिहाइ पालिकामा महिलाले प्रमुख भूमिका पाउने गरी उम्मेदवार छनोट गर्नुपर्छ । अघिल्लो कार्यकालमा उपप्रमुख वा उपाध्यक्षमा सक्षम, नेतृत्वदायी भूमिका निर्वाह गरेका महिलालाई यसपटक प्रमुख र अध्यक्षमा उम्मेदवार बनाउनुपर्छ । महिला उम्मेदवारलाई पार्टीले विशेष सहुलियत प्रदान गर्नुपर्छ । विगतमा झैँ जहाँ हारिन्छ, त्यहाँ महिला उम्मेदवार उठाउने पद्धतिमा सुधार गर्नुपर्छ।

**सन्दर्भ सामग्रीहरु**


डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल। २०७९। नेपालको स्थानीय तह निर्वाचन २०७९ को पर्यवेक्षण। डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल।

निर्वाचन आयोग नेपाल, (२०८०)

नेपालको संविधान, २०७२

पाण्डे, बिन्दा। २०७६। समानताका पाइलाहरू : राजनीतिक आन्दोलनको महिलावादी विश्लेषण। प. ११। काठमाडौ : फाइनप्रिन्ट बुक्स।

राई, शान्ती. "नेपालमा संघीय निर्वाचनमा अल्पसंख्यक समुदायको समावेशशीलता". माध्यमिक आवाज, "मतदाता महिना", २०२२: १५-२०।

Chen, L ., & Wang, Y . (2020) . Enhancing Inclusivity in Direct Elections: Lessons from International Practices . Electoral Studies, 18(2), 67-82 .

Gupta, N ., & Sharma, P . (2019) . Ethnic Inclusivity in Direct Elections: Insights from South Asian Democracies . Ethnic Studies Review, 22(2), 88-103 .

Inter-Parliamentary Union. (n.d.). Nepal: House of Representatives - Data on youth. IPU Parline. https://data.ipu.org/parliament/NP/NP-LC01/data-on-youth/

Nepal in Data . (n .d .)। राजनीतिमा नारीको संख्या। Retrieved from https://nepalindata .com/ne/%E0%A4%B0%E0%A4%BE%E0%A4%9C%E0%A4%A8%E0%A5%80%E0%A4%A4%E0%A4 %BF%E0%A4%AE%E0%A4%BE

Pradhan, T. R. (2022, November 30). New House of Representatives to be less inclusive. The Kathmandu Post. https://kathmandupost.com/national/2022/11/30/new-house-of-representatives-to-be-less-inclusive

Smith, J . (2021) . "Inclusivity in Direct Elections: A Comparative Study" . Journal of Democracy, 45(3), 102-115 .

Tamang, S ., Rai Karki, S ., Acharya, A ., & Nepal, S . 2022) . Beyond "Capacity": Gendered Election Processes, Networks, and Informality in Local Governments in Nepal-Policy Note . Kathmandu: Australian Aid and The Asia Foundation .

# ऋति फाउण्डेसनबारे

ऋति फाउण्डेसन कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित मुनाफा वितरण नगर्ने कम्पनी हो । स्थापनाकालदेखि यसले आफ्नो उद्देश्यअनुसार कर्णाली प्रदेशको आर्थिक उन्नति र प्रगतिका लागि काम गर्दै आएको छ।

विशेषतः बहसको वातावरण बनाई समग्र विकासमा योगदान गर्ने यसको उद्देश्य रहेको छ । फाउण्डेसनले कर्णाली उत्सव..कुडा कर्णालीका, कर्णाली कचहरी, लेट्स स्पिक, सवाल उद्यमीको जस्ता सार्वजनिक वहसका नियमित कार्यक्रमका साथै कर्णाली प्रदेशको समृद्धिका लागि आवश्यक नीतिगत व्यवस्थाहरुको अध्ययन, अनुसन्धान तथा पैरवी गर्दै आइरहेको छ । यसले वाक स्वतन्त्रता र सम्पत्तिमाथिको अधिकारको पक्षमा वकालत गर्छ।

विकासका लागि विचार भन्ने मान्यता बोकेको फाउण्डेसनले गन्थन, मन्थन र चिन्तनलाई प्रश्रय दिन्छ। फाउण्डेशनले आर्थिक, सामाजिक, नीतिगत बहस पैरवीका साथै अनुसन्धानमुलक छलफल पत्र, अनुसन्धानमुलक प्रकाशन र तीनको आधारमा अनुसन्धानमुलक लेख सामाग्री समेत प्रकाशन गर्दै आएको छ। फाउण्डेशनले अनुसन्धान, बहस र पैरवीलाई मुख्य प्राथामिकता दिन्छ।

HRITI FOUNDATION

TOWARDS PROSPEROUS KARNALI

info@hriti.org www.hriti.org +97783521564 /hritifoundation